# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### केराबारी, मोरङ

कोशी प्रदेश, नेपाल

प.सं.: २०७९/८०

च.नं.: 2866

मिति: २०८०/०२/२८

विषयः-चालु आ.व. २०७९/०८० को भुक्तानी तथा खाता बन्द हुने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,
श्री विषयगत शाखा सबै,
श्री विद्यालय सबै,
श्री निर्माण व्यवसायी तथा उपभोक्ता समिति सबै,
श्री सरोकारवाला संघ संस्था सबै,
केराबारी गा.पा. ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० (१) र (७) मा भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ दिन अगावै भुक्तानी दिइ लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्ने व्यवस्था रहेको ।

आर्थिक वर्षको अन्तिम हप्तामा कर दाखिला गर्ने, संघीय सरकार तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रकम फिर्ता गरी सो को भौचर प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनुपर्ने, सम्पूर्ण कारोबारको हिसाब मिलान गरी संघीय सरकार, प्रदेश सरकार लगायतका निकायमा प्रतिवेदन पठाउनुपर्ने व्यवस्था भए बमोजिम यस गाउँपालिकाबाट सञ्चालित सम्पूर्ण कार्यक्रम/आयोजनाहरू मिति २०८० असार १५ गतेसम्म सम्पन्न गरी उक्त समय भित्रै अनिवार्य रुपमा आवश्यक कागजातहरु पेश गरी भुक्तानिका लागि आर्थिक प्रशासन शाखामा पेश गरि माग गरिसक्ने तथा मिति २०८० असार २० गतेसम्ममा अनिवार्य भुक्तानी लिई फरफारक गर्नका लागि जानकारी गराइन्छ। साथै तोकिएको समयभित्र भुक्तानी लिन नआएमा गाउँकार्यपालिकाको कार्यालय जवाफदेही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थ**

श्री अध्यक्ष ज्यू, केराबारी गाउँपालिका ।
श्री उपाध्यक्ष ज्यू, केराबारी गाउँपालिका ।